# राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०७८/०७९ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **राष्ट्र ऋण उठाउने अधिकार:** (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा अधिविकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रू.२,३९,००,००,००,०००।- (अक्षरेपी दुई खर्ब उनान्चालीस अर्ब) मा नबढ्ने गरी राष्ट्र ऋण उठाउन सक्नेछ।

तर त्यसरी उठाइने राष्ट्र ऋण रकममा नेपाल सरकारले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष रकम समावेश हुने छैन।

(२) नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कलाई आर्थिक वर्ष

सङ्घीय संसद सचिवालय

२०७८/०७९ सम्मको तिर्न बाँकी अधिविकर्षलाई ट्रेजरी बिलमा परिणत गर्न सो बैङ्कलाई स्वीकृति दिन सक्नेछ।

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ।

**असोज ०७, २०७८ मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधनविना पारित गरेको र असोज ११, २०७८ मा बसेको राष्ट्रिय सभाको बैठकले यो अर्थ विधेयकलाई सुझावविना फिर्ता पठाउने गरी पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ (१) बमोजिम प्रमाणित गर्दछु।**

..............................

**(अग्निप्रसाद सापकोटा)**
**सभामुख**
**प्रतिनिधि सभा**
**मितिः २०७८/०६/११**

**प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ (२) बमोजिम प्रमाणीकरण गर्दछु।**

........................

**(विद्यादेवी भण्डारी)**
**राष्ट्रपति**

**मितिः २०७८/०६/१३**

संघीय संसद सचिवालय